नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

सिंहदरबार, काठमाडौं

स्टेशनरी तथा मसलन्द सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०७/२६

यस मन्त्रालयको लागि आ.व. २०८२/८३ मा आवश्यक पर्ने स्टेशनरी एवं मसलन्द सम्बन्धी सामानहरु सिलबन्दी दरभाउपत्रको माध्यमबाट आपूर्ति गर्नुपर्ने भएकाले इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी एवं संस्थाहरुले यो सूचना र दरभाउपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन आव्हान गरिन्छ।

शर्तहरु:

१. दरभाउपत्रको फारामको लागि यस महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको कार्यालय कोड नं. ३४०००३५०१, राजस्व शिर्षक १४२२९ मा प्रशासनिक दस्तुर रु. १०००/- (फिर्ता नहुने गरी) कोष तथा लेखा नियन्त्रण कार्यालय, सिंहदरबारस्थित रहेको राजस्व खाता नं. १०००१००२०००१०००० मा बुझाई आ. व. २०८२/८३ सम्म नवीकरण भएको फर्म दर्ता/ व्यवसाय दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र र आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि संलग्न राखी निवेदन (दरखास्त) पेश गरी प्रथम पटक सूचना प्रकाशन भएको मितिले १५ औं दिन (२०८२/०८/१० गते) सम्म कार्यालय समयमा यस मन्त्रालयबाट दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ। खरिद गरिएका दरभाउपत्रहरु रीतपूर्वक सिलबन्दी गरी १६ औं दिन मिति २०८२/०८/११ गते १२:०० बजे भित्रमा (सो दिन सार्वजनिक विदा परेमा त्यसको भोली पल्ट) मन्त्रालयमा दर्ता गराउनु पर्नेछ। उक्त दरभाउपत्रहरु सोही दिन दिनको २:०० बजे यस मन्त्रालयका प्रतिनिधि र दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ।

२. सिलबन्दी दरभाउपत्र खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनि लिखित रुपमा गरेको घोषणाको कागजात सिलबन्दी फाराम सहित पेश गर्नु पर्नेछ।

३. सिलबन्दी दरभाउपत्र साथ रु ५९,०००।-(उनान्साठी हजार) कोष तथा नियन्त्रण कार्यालय, सिंहदरबारस्थित रहेको धरौटी खाता नं: १९६०१००१०२०३०००० (कार्यालय कोड नं. ३४०००३५०१) मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस मन्त्रालयको नाममा जारी गरिएको दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनबाट गणना हुने गरी कम्तिमा ७५ (पचहत्तर) दिन अवधि भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक वा वित्तीय संस्थाले जारी गरेको बोलपत्र जमानत संलग्न गरी पेश गर्नु पर्नेछ।

४. दरभाउपत्र पेश गर्ने फर्म, कम्पनी वा संस्थाले फाराममा उल्लेख भएका सबै सामानहरुको दररेट अनिवार्य रुपमा भरी पेश गर्नुपर्नेछ। कबुल गरेको दररेट उल्लेख गर्दा अङ्क र अक्षर दुबैमा अनिवार्य रुपमा लेख्नुपर्नेछ। अङ्क र अक्षरमा लेखिएको रकममा फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

५. म्याद नाघेको वा रीत नपुगेको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा सुरक्षित रहनेछ।

७. दरभाउपत्र सम्बन्धी अन्य कुराहरु दरभाउपत्र फाराममा उल्लेखित स्पेशिफिकेशन एवं शर्त तथा सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम हुनेछ।

८. दरभाउपत्र सम्बन्धी थप केही कुराहरु बुझ्नु परेमा मन्त्रालयको वेभसाइट www.mowcsc.gov.np वा कार्यालय समयमा यस मन्त्रालयमा आई बुझ्न सकिनेछ।